**षडानन्द नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

**दिङ्ला, भोजपुर**

**अनुदान सहायता रकम निकासा कार्यविधि, २०७७**

षडानन्द नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम र बजेट वक्तव्य अनुसार यस नगरपालिकामा संचालन रहेको एक मात्र षडानन्द बहुमुखी क्याम्पस दिङ्ला भोजपुरलाई अनुदान तथा सहायता रकम निकासा गरी विभिन्न शैक्षिक कार्यक्रमहरुलाई व्यवस्थित, पारदर्शी, गुणस्तरीय, मितव्ययी र प्रभावकारी रुपमा संचालन गर्नका लागि षडानन्द नगरपालिकाले यो अनुदान सहायता रकम निकासा कार्यविधि, २०७७ तयार पारिएको हो ।

**संक्षिप्त नाम र प्रारम्भ:** (१) यस निर्देशिकाको नाम: अनुदान सहायता रकम निकासा कार्यविधि, २०७७ रहेको छ ।

१. (२) यो कार्यविधि तुरन्त लागू हुने छ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा कार्यविधिमा,-

(क) **"अध्यक्ष"** भन्नाले क्याम्पस वा विद्यालय संचालन एवं व्यवस्थापन गर्ने यस नगरपालिकाको प्रचलित कानून अनुसार गठित क्याम्पस व्यवस्थापन समिति वा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष सम्झिनु पर्छ । यस शब्दले प्रसंग अनुसार धार्मिक, सास्कृतिक, सामाजिक संस्थाहरुका विधान अनुसार गठित समितिका अध्यक्ष समेतलाई जनाउँछ ।

(ख) **"अनुदान तथा सहायता रकम"** भन्नाले क्याम्पस तथा विद्यालयको संरचनात्मक र सेवा प्रवाहको गुणस्तर सुधार गर्ने तथा त्यस्ता संस्थाहरुमा कार्यरत जनशक्तिहरुलाई तलब तथा प्रोत्साहन स्वरुप नगरपालिकाबाट उपलब्ध गराइने रकमलाई सम्झनु पर्छ।

(ग) **"कार्यविधि"** भन्नाले अनुदान सहायता रकम निकासा कार्यविधि, २०७७ सम्झनु पर्छ।

(घ) **"क्याम्पस"** भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएको यस षडानन्द बहुमुखी क्याम्पसलाई सम्झनु पर्छ ।

(ङ) **"क्याम्पस प्रमुख"** भन्नाले आर्थिक एवं प्रशासकीय जिम्मेवारी प्राप्त प्रमुख अध्यापक सम्झनु पर्छ ।

(च) **"स्थानीय तह/ नगरपालिका"** भन्नाले षडानन्द नगरपालिका सम्झनु पर्छ ।

**"वडा कार्यालय"** भन्नाले षडानन्द नगरपालिका अन्तर्गत रहको वडा कार्यालय सम्झनु पर्छ ।

(छ) **"बैंक"** भन्नाले यो कार्यविधि मार्फत अनुदान वा सह्योगको रकम हितग्राहीलाई वितरण गर्ने वित्तीय संस्था सम्झनु पर्छ ।

(ज) **"भौतिक निर्माण सम्बन्धी कार्यक्रमहरु"** भन्नाले भवन निर्माण तथा मर्मत, खेल मैदान निर्माण तथा मर्मत घेराबारा निर्माण, भौतिक संरचना सुधार लगायतका निर्माण तथा मर्मत सम्बन्धी कार्यहरु सम्झनु पर्छ ।

(झ) **"कार्यपालिकाको निर्णय"** भन्नाले षडानन्द नगरपालिकाको नगरकार्यपालिकाबाट स्वीकृत भएको निर्णय वा कार्यक्रम सम्झनु पर्छ ।

(ञ) **"बिद्यार्थी"** भन्नाले यस षडानन्द नगरपालिका स्थित षडानन्द बहुमुखी क्याम्पसमा नियमित हाजिरी भई उच्च शिक्षा अध्ययन गरिरहेको विद्यार्थीलाई सम्झनु पर्छ ।

(ट) **"सञ्चालक समिति"** भन्नाले क्याम्पस रेखदेख तथा व्यवस्थापन गर्न बनेको समिति सम्झनु पर्छ

(ठ) **"अनुदान"** भन्नाले नगरसभाले स्वीकृत गरेको विनियोजन ऐनमा विनियोजित रकम नगरपालिकाले प्रदान गरिने अनुदान सम्झनु पर्छ ।

...रिबल राई
...प्रमुख

(ङ) **"वार्षिक स्वीकृत कार्यक्रम"** भन्नाले नगरसभाबाट पारित भएको स्वीकृत कार्यक्रम सम्झनु पर्छ ।

**३. कृषि प्राविधिक शिक्षालय संचालन तथा व्यवस्थापन प्रक्रिया**: (१) शिक्षालयको शैक्षिक, वित्तीय तथा भौतिक पूर्वाधारहरुको देहाय अनुसार संचालन तथा व्यवस्थापन गरिनेछ:

(क) विद्यालयले कृषि प्राविधिक शिक्षालय संचालन गर्ने CTEVT, नगरपालिका तथा अन्य क्षेत्रमा प्राप्त श्रोत परिचालन गर्ने

ख) कृषि प्राविधिक शिक्षक नियुक्ति तथा सेवा सुविधा नगरपालिकाबाट गर्ने ।

ग) शुल्क निर्धारण

अध्यापन पेशामा कार्यरत शिक्षक तथा कर्मचारीहरुको अध्यावधिक विवरण तयार गरी नगरपालिकामा उपलब्ध गराउने,

(ख) क्याम्पसमा अध्यापन गर्ने शिक्षक/शिक्षिकाहरुलाई तलब लगायत प्रोत्साहन भत्ता वापत जनही हुन आउने कुल एकमुष्ट रकम उपलब्ध गराउने,

(ग) खण्ड (ख) बमोजिम प्राप्त रकम नगरपालिकाले क्याम्पसको माग फाराम तथा प्रमाणित हाजिरीको आधारमा क्याम्पसको खातामा जम्मा गरिदिने,

(घ) खण्ड (ख) र (ग) अनुसार प्राप्त सहायता अनुदान रकमको विवरण क्याम्पसले स्थानीय तहलाई पठाउनु पर्नेछ,

**४. क्याम्पसको भौतिक निर्माण सम्बन्धी व्यवस्था**: (१) भौतिक निर्माण सम्बन्धी अनुदान सहायता देहाय बमोजिम हुनेछ: (क) विद्यार्थी संख्याको अनुपातमा पर्याप्त भौतिक पुर्वाधार नभएको,

वीरबल राई
नगर प्रमुख

(ख) कुनै सरकारी तथा गैरसरकारी संघ/संस्थाहरुबाट प्राप्त अनुदान सहायता रकम अपर्याप्त भएको,

(ग) भौतिक पुर्वाधार निर्माण तथा मर्मतका लागि क्याम्पसको प्रतिवद्धताका साथै क्याम्पस व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि, समयमा नै कार्यसम्पन्न गर्ने लिखित प्रतिवद्धता तथा अन्य आवश्यक कागजात समावेश गरी नगरपालिकामा माग गर्ने,

(घ) खण्ड (ग) बमोजिम नगरपालिकामा अनुदान रकम मागको आवश्यक कागजात पेश गरी नगरबाट प्रतिवद्धता प्राप्त भएपछि सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम प्रक्रिया अघि बढाउने,

(ङ) क्याम्पसको भौतिक पुर्वाधार निर्माण तथा मर्मतका लागि नेपाल राष्ट्रिय भवन संहिता २०७२ मा भएको व्यवस्था अनुसार गुणस्तरिय, भुकम्प प्रतिरोधी , एवं अपाङ्गमैत्री एवं वातावरणमैत्री हुनु पर्ने,

(च) सम्बन्धित क्याम्पसले भौतिक पुर्वाधार निर्माण तथा मर्मत गर्दा सम्झौता अनुसारको कार्यक्रमको परिणाम तथा लागत अनुमान तयार गर्दा सम्बन्धित जिल्ला तथा स्थानीय तहको दररेट तथा स्वीकृत सरकारी मान्यता अनुसार गर्नुपर्ने र लागत अनुमान तयार गर्दा कार्यक्रम तर्फ व्यहोरिने खर्च शैक्षिक संस्थाको तर्फबाट व्यहोरिने जनश्रमदान वा नगद खर्च वा अन्य कुनै श्रोतबाट व्यहोरिने खर्चसमेत उल्लेख गरी सम्पन्न गर्नुपर्ने सम्पूर्ण प्राविधिक कार्यहरु स्पष्ट रुपमा खुलेको हुनुपर्ने .

**(५) निर्माण कार्यको रेखदेख एवं प्रतिवेदन तयार गर्ने कार्य देहाय अनुसार हुनेछः**

(क) निर्माण कार्यको ड्रइङ, डिजाइन, लागत अनुमान, प्राविधिक रेखदेख रनिङ्ग बील, नापी किताव र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने समेतका कार्य नगरपालिकाबाट तोकिएको प्राविधिकबाट गराउनु पर्नेछ,

वीरबल राई
नगर प्रमुख

(ख) प्राविधिक कर्मचारीको सिफारिसका आधारमा कार्य सम्पन्न भएको सुनिश्चित गरी कार्यक्रम/ योजना संचालनको प्राविधिक खर्च १% नबढ्ने गरी कन्टिजेन्सी वापतको रकम कट्टा गरी बाँकी हुन आउने अनुदान रकम देहाय अनुसार तीन किस्तामा निकासा प्रदान गरिने छ,

(ग) कार्य सम्पन्न पश्चात नापी किताव प्रयोग गरी कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरी पेश गरे पश्चात अन्तिम किस्ताको रुपमा कुल अनुदान रकमको ३०% रकम निकासा गरिनेछ,

(घ) भौतिक निर्माण तथा मर्मतका लागि अनुदान प्राप्त गर्दा चालु आ.व.को जेष्ठ १५ गतेसम्म निर्माण कार्य सम्पन्न प्रतिवेदन तयार गरी प्रमाणित गरी गराई एक प्रति सम्बन्धित संस्थामा र एक प्रति नगरपालिकामा बुझाउनु पर्नेछ,

(ङ) भौतिक पूर्वाधारहरुको निर्माण तथा मर्मत कार्य तोकिएको समयसिमा भित्र सम्पन्न नगरिएको पाइएमा वा अनुदान रकमको हिनामिना वा दुरुपयोग गर्ने वा अन्य प्रयोजनको लागि खर्च गर्ने वा निकासा गरिएको पाइएमा वा खर्च नै नगरी खातामा जम्मा गरी राखे कानून बमोजिम कारवाही गरिनेछ।

**६. क्याम्पसमा पुस्तकालय, फर्निचर व्यवस्थापन तथा प्राविधिक धारका क्याम्पसहरुमा आइ.सि.टि. व्यवस्थापन (शैक्षिक उपकारण तथा औजार) अनुदान:** (१) क्याम्पसमा पुस्तकालय व्यवस्थापन तथा प्राविधिक धारका क्याम्पसमा अनुदानका लागि देहायका आधारहरु हुनुपर्नेछ:

(क) आफ्नै आन्तरिक श्रोतबाट पुस्तक खरिद तथा पुस्तकालय व्यवस्थापन, फर्निचर लगायत शैक्षिक उपकरण औजार खरिदको लागि रकम अपुग भएको हुनुपर्ने,

(ख) अन्य कुनै सरकारी, गैरसरकारी संघ संस्थाबाट क्याम्पसमा पुस्तकालय, फर्निचर व्यवस्थापन अनुदान तथा प्राविधिक धारका क्याम्पसहरुमा आइ.सि.टि. व्यवस्थापन (शैक्षिक उपकारण तथा औजार)मा प्राप्त अनुदान सहयोगले अपुग भएको हुनुपर्ने,

वीरबल राई
नगर प्रमुख

७. **विविध:** (१) अनुदान तथा सहायता रकम: यस कार्यविधि बमोजिम वितरण हुने अनुदान तथा सहायता रकम नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रममा उल्लेख भए अनुसार हुनेछ ।

(२) यस कार्यविधिमा बमोजिम प्राप्त अनुदान तथा सहायता रकम आर्थिक वर्षभित्र खर्च नभएमा नगरपालिकाको संचित खातामा जम्मा गर्नु पर्नेछ ।

(३) यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा नगरपालिकाले आवश्यक निर्देशन दिन सक्नेछ ।

वीरबल राई
नगर प्रमुख